मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

गोपिनीका वस्त्र चोर्ने कृष्ण भगवान !: पृष्ठ २मा



◆ वर्ष : २६ ◆ अङ्क : २७१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ भदौ १४ गते सोमवार (Monday, August 30. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भा.रु. : ४/–

# ज्यान मारा खोलामा 'डुङ्गायुग' अन्त्य

**विमल दहाल**

**माइ, भदौ १३।** कसैले माईखोला भनेको सुने मात्रै पनि झस्कन्छिन्- माई नगरपालिका-६ महमाईकी सरस्वती तुम्वाहाम्फे। नझस्किउन् पनि कसरी ? साविक दानावारी र महमाई गाविस जोड्ने माइखोलामा आएको बाढीले २०७३ सालमा तुम्वाम्फेका आफन्तलाई बगाएको थियो। माईखोलामा पुल नहुँदा डुङ्गाको सहारा लिएर खोला तर्ने क्रममा डुङ्गा पल्टिएर उनका आफन्त र छिमेकी गुमाएको पीडाले अहिले पनि उनलाई झस्काउन छाडेको छैन।

सामाजिक क्षेत्रमा समेत आबद्ध तुम्वाम्फे २०७३ सालको असोज २८ गते शुक्रवार दशैंको द्वादशीका दिन आफन्तहरु टीका लगाउन आएका बेला पहिलोपटक माइत ससुराली आइ नपुगी बगेको दुखद् घटना सुनाउँदा उनका आँखा रसाए। 'बिगतमा जतिनै पीडा र दुःख भए पनि अब भने महमाईका लागि सुखका दिन आएका छन्- तुम्वाम्फेले भनिन्।

महमाईबासीका लागि त्यो दिन कालो दिन थियो। लामो झरी परेको दिन र हरेक दशैंमा त्यो घटनाले झस्काउँछ- तुम्वाम्फेले दुखित् मुद्रामा भनिन्। दानाबारी र महमाईको बीचको माईखोलामा पक्की पुल निर्माण भएपछि भने महमाईबासीको दिनचर्या नै फेरिएको छ। ज्यानमारा उक्त खोलामा पक्की पुल बनेसँगै डुंगायुगको अन्त्य भएको स्थानीय बताउँछन्। बिगतमा जस्तो खोला तर्दा मृत्युलाई शिरानी लगाएर घरबाट बिदा हुनुपर्ने बाध्यता अब अन्त्य हुँदै गएको माई-६का वडासचिब स्थानीय रमेश गिरी बताउँछन्।

विकासका पूर्वाधार निर्माण भएसँगै इलामको महमाई क्षेत्र अहिले सुगम बन्दै गएको छ। दानाबारी र महमाईको बीचमा रहेको चण्डालघाटस्थित माई खोलामा गतआर्थिक वर्षमा ५ सय ५० मिटर लामो पक्की पुल निर्माणको काम सम्पन्न भएको छ। इलामको कर्णाली भनेर चिनिने अतिदुर्गम क्षेत्र महमाई पुल निर्माणसँगै सुबिधा सम्पन्न बन्दै गएको हो।

बिगतमा माई खोलामा आएको बाढीको कारण बिरामी परेका मान्छेको उपचारका लागि अस्पताल पुऱ्याउन नपाई ज्यान जाने अवस्था थियो। खोला तार्ने कुनै माध्यम थिएन। २०६३ सालदेखि स्थानीय युबाहरुको पहलमा काठको डुङ्गा सञ्चालनमा ल्याई यातायात सहज बनाइएको भए पनि २०७३ साल असोज २८ गते दशैंको तेस्रो दिन डुङ्गामा यात्रा गरिरहेका २ बालबालिकासहित ८ जनाको डुङ्गा पल्टिँदा ज्यान गएको थियो। डुङ्गा यात्राको बिकल्प पक्की पुलको माग गर्दै स्थानीयहरुले सरकारलाई बारम्बार ध्यानाकर्षण गराउँदै आएका थिए। पूर्व प्रधानमन्त्री झलनाथ खनाल र







संविधान सभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङको निर्बाचन क्षेत्र सीमनामा रहेको माई खोलामा गत बर्ष इलाइट कन्ट्रक्सन कम्पनीले पक्की पुल निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याएको हो।

डुङ्गा पल्टिँदा बगेका माई-७ का यामबहादुर खड्का टीका लगाउन दशैंमा मोरङ गएका थिए। घर फर्किंदा मोरङबाट उनले बहिनी र जुम्ल्याहा भाञ्जी पनि लिएर आए। घर पुग्ने बेलामा माई खोला तर्नुपर्ने। वर्षौंदेखि उनीहरु डुङ्गामार्फत खोला पार गर्थे, सो दिन पनि त्यसै गरे। 'यात्रु धेरैजना थिए। २ पल्ट गरेर तार्नुभन्दा पनि चालकले मानेनन्, घटना भएको दिन स्मरण गर्दै उनी भन्छन्- 'टेन्सन नलिनु केही हुँदैन भन्दै डुङ्गा चलाए, हिँडिसक्दा डुङ्गा डुब्यो।' यामबहादुरलाई पौडिन आउँदैन थियो। डुबेपछि उनलाई श्वास बन्द भएजस्तै भयो। भित्रभित्रै देब्रे हातले नाक थुनें, दाहिने हात चलाएँ, अब चाहिँ बाच्दिँन होला जस्तै लागेको थियो, मसँगै डुङ्गामा चढेकी बहिनी र दुईवटी भाञ्जीलाई सम्झिएँ, त्यति नै बेला एकजना भाइले मेरो देब्रे हात समातेर मलाई निकाल्नुभयो, र म बाँचें। आफू बाँचे पनि २ वटी भाञ्जी गुमाउँदा उनी शोकमा डुबेका सम्झन्छन। मृतकद्वय पुष्पा र अञ्जली खड्का उनका भाञ्जी हुन्।

कहालिलाग्दो विगतका दिन र घटनालाई सम्झदै स्थानीय समेत रहेका संबिधानसभाका सदस्य नगेन्द्रकुमार कुमाल भन्छन्- माई खोलामा दिउँसो एक्कासि डुङ्गा डुब्यो भन्ने खबर आयो। केही दिन अघि रिखुवा खोलामा खोला तर्ने क्रममा डिलमा बसेका २ जनाको रुखले किचेर मृत्यु र केही घाइते भएका थिए। तिनै घाइते व्यक्तिलाई अस्पताल राखेर ल्याउने क्रममा बिरामी र आफन्त समेत बगेका थिए। कोही उपचार गरेर आएका त कोही दशैंमा टीका लगाउन आएका पाहुना परे।

**महमाईबासीका लागि दुखद् रह्यो त्यो घटना**

खोलामा बगेका २१ महिला र १३ पुरुष गरी ३४ जनाको उद्धार तत्काल गरिएको थियो। सोही दिन

*(बाँकी अन्तिम पृष्ठमा)*

## कांग्रेसको वडा अधिवेशन भदौ १८ कि २२ ?



**काठमाडौं, भदौ १३।** नेपाली कांग्रेसको भदौ १८मा देशभर एकसाथ वडा अधिवेशन हुन नसक्ने निश्चितजस्तै देखिएको छ।

क्रियाशील विवाद समाधान समितिले तयार पारेको प्रतिवेदन अनुरुप कार्यान्वयन गर्न बनेको कार्यदलले समयमै प्रतिवेदन अनुरुप कार्यसम्पादन गर्न नसक्दा अधिकांश तराईका जिल्लाहरुमा निर्धारित मितिमा वडा अधिवेशन असम्भव देखिएको हो। कार्यदलका एक सदस्यका अनुसार सोमबार बेलुकासम्म कार्यदलले आफ्नो जिम्मेवारी पूरा गर्नेछ।

कार्यदलले अहिले पनि पशुपति क्षेत्रमा रहेको आनन्द पशुपति भिजनमा बसेर काम गरिरहेको छ। कार्यदलले आइतवार बेलुकासम्म धनुषा-४ र सर्लाही-२को समस्या समाधान गर्ने जानकारी दिएको छ। तर, कार्यदलभित्र पनि फर्जी भनिएका नाम हटाउने विषयमा विवाद देखिएको ती सदस्यले बताए।

विवाद प्रतिवदेन कार्यान्वयन गराउन बनेको कार्यदलभित्र पनि विवाद छ, नाम हटाउने र राख्ने विषयमा हामीभित्र गहिरो मतभेद छ- एक सदस्यले भने- भोलि नै सबै समस्या समाधान भइहाल्छ भन्ने यथेष्ट आधार नै छैन। देशभर रहेका ६ हजार ७ सय ४३ वडामा वडासम्मै कांग्रेसको संगठन रहेको छ।

आशंकाकै बीच नेता कृष्णप्रसाद सिटौला नेतृत्वमा रहेको क्रियाशील विवाद समाधान समितिको शनिबारको बैठकमा वडा अधिवेशन २२ गतेसम्मलाई सार्ने विषयमा छलफल भएको थियो।

बैठकमा रिले अनशनमा बसेका जिल्ला सभापतिहरुको माग सम्बोधन गर्नुपर्नेमा समिति सदस्य डा. मिनेन्द्र रिजालको जोड थियो। भदौ १८ बाट गर्ने भनिएको पार्टीको वडा अधिवेशन २२सम्म सार्नुपर्ने समिति संयोजक सिटौला र सदस्य डा. रिजालको प्रस्ताव अर्का सदस्य रमेश लेखकले अस्वीकार गरेपछि सहमति जुट्न नसकेको हो। अनशनमा बसेका पौडेल निकटस्थ जिल्ला सभापतिहरुको चाहना अनुरुप बैठकमा अधिवेशन सार्ने प्रस्ताव भएको थियो।

भदौ १८ मा वडा अधिवेशन शुरु नभए पार्टीको वैधानिकता गुम्ने भन्दै प्रस्ताव अस्वीकार गरिएको थियो। संस्थापन निकट एक केन्द्रीय सदस्य अधिवेशन रोक्ने पौडेल समूहको डिजाइनमा धक्का पुगेको तर्क गर्छन्। अब त शेरबहादुरले जसरी पनि अधिवेशन गरेर पार्टी खाने भयो भन्ने भय विशेष गरेर रामचन्द्र दाइमा थियो, त्यसैले महाधिवेशन रोक्ने अनेक फण्डा भइरहेको छ- उनको तर्क थियो। झापा जिल्ला सभापति उद्धव थापाले १८ भदौमा वडा अधिवेशन हुन नसक्ने बताएका छन्। वडा अधिवेशन सरेर २२ गते पुऱ्याउनुपर्ने थापाको तर्क थियो।

अधिवेशन गर्नका लागि केन्द्रबाट खटाइएका निर्वाचन अधिकृत सुवोधबाबु सिलवाल सोमबारसम्म झापा आइपुग्ने आफूले सुनेको थापा बताउँछन्। एउटा मात्र निर्वाचन क्षेत्र भएको जिल्ला भए पो सम्भव हुन्थ्यो होला- थापाले भने- १ सय ३१ वटा वडा भएको हाम्रो जिल्ला ठूलो छ, सबै वडामा तोकिएकै मितिमा खै म चाहिँ अधिवेशन

*(बाँकी अन्तिम पृष्ठमा)*

## जनप्रतिनिधिले २२ गतेसम्ममा नयाँ पार्टी रोज्न पाउने





**काठमाडौं, भदौ १३।** निर्वाचन आयोगले नेकपा एमाले र जसपाबाट निर्वाचित प्रदेशसभा सदस्य र स्थानीय जनप्रतिनिधिलाई भदौ २२ गतेसम्म दल रोज्न पाउने समय दिएको छ।

आयोगको आइतबार बसेको बैठकले २२ गतेसम्म दल रोज्न दिने निर्णय गरेको हो। आयोगका प्रवक्ता राजकुमार श्रेष्ठका अनुसार अब एमाले र जसपाबाट निर्वाचित भएका प्रदेशसभा सदस्य र स्थानीय जनप्रतिनिधिहरुले नेकपा एकीकृत समाजवादी र लोकतान्त्रिक समाजवादी पार्टीमा प्रवेश गर्न चाहेमा २२ गतेभित्र सनाखत गर्नुपर्छ।

सरकारले दल विभाजन सम्बन्धि नयाँ अध्यादेश जारी गर्दै संघीय संसद वा केन्द्रीय समितिको २० प्रतिशत पुऱ्याएर दल विभाजन गर्न सक्ने व्यवस्था गरेपछि एमाले र जसपा फुटेर नयाँ दल गठन भएको थियो।

एमालेबाट नेकपा एकीकृत समाजवादी र जसपाबाट लोकतान्त्रिक समाजवादी पार्टीलाई निर्वाचन आयोगले भदौ ९ गते मान्यता दिएको थियो। संशोधित अध्यादेश अनुसार नयाँ दलले मान्यता पाएको २१ दिन माऊ पार्टीबाट नयाँ पार्टीमा प्रवेश गरेमा दल त्याग गरेको मानिने छैन।

## एकलौटी अधिकार नेपाललाई



**काठमाडौँ, भदौ १३।** नेकपा एकीकृत समाजवादीले आफ्नो संसदीय दलको नेतामा माधवकुमार नेपाललाई चयन गरेको छ।

नेपाललाई सरकारमा जानेदेखि विभिन्न निर्णयको अधिकारसहितको जिम्मेवारी दिइएको नेता विरोध खतिवडाले जानकारी दिए।

'संघीय संसदीय दलको नेतामा माधव नेपाल चयन भएका छन्'- खतिवडाले भने- 'राष्ट्रिय सभा दलको नेता वेदुराम भुसाल बनेका छन्।' संसदीय दलको विधान मस्यौदा गर्ने जिम्मा पाँच जनालाई लगाइएको खतिवडाले बताए। उनले भने- 'नेता माधव नेपाललाई एकलौटी अधिकार दिइएको छ। सरकारमा सामेल हुनेदेखि अन्य निर्णय गर्ने एकलौटी अधिकार उहाँलाई नै दिने निर्णय भएको छ।'

विधानमा आइपर्ने तथा गठबन्धनको सरकारमा अनेक ढंगको निर्णय गर्नुपर्ने विषयमा बारम्बार पार्टीको बैठक राख्नु नपर्ने भएको उनले बताए।

## कतै कम तौल, कतै म्याद गुज्रेका सामग्री बिक्री

**पाँचथर, भदौ १३।** कोभिड-१९को दोस्रो लहर फैलिएयता जिल्लास्थित नियमनकारी निकायले हिलिहाङ गाउँपालिकाका केही खाद्यान्नका पसलको अनुगमन गऱ्यो।

विरलै मात्र हुने गरेको बजार अनुगमन महामारी र निषेधाज्ञाले ठप्प प्रायः थियो। लामो अन्तरालमा गतहप्ता भएको अनुगमनका क्रममा अनुगमनकर्ताले उपभोक्ता मारमा पर्ने धेरै उदाहरण फेला पारेका थिए।

अनुगमनका क्रममा बिक्री गर्ने सामग्री सँधै तराजुमा एकातर्फ राखी तौल लिई बिक्री गर्ने र यस क्रममा निर्धारित तौलभन्दा कम मात्रै सामग्री उपभोक्तालाई दिने गरेको पाइएको थियो। कतिपय प्याकिङ गरिएका सामग्रीमा निर्धारित तौल कम भएका तथा तराजुमा समेत नियमविपरीत कम तौललाई बढी मानी बिक्री गर्ने कार्यले उपभोक्ता ठगिन बाध्य भएको पाइएको हो।

खाद्य सामग्रीमा भने उपभोक्ताको स्वास्थ्यमा असर पार्ने गम्भीर कमजोरी व्यवसायीबाट भइरहेको पाइएको छ। बजारमा म्याद गुज्रिएका सामग्री भेटिएका छन्। यसक्रममा प्याकिङ गरिएका धेरै खाद्य सामग्री म्याद गुज्रिएको भेटिएपछि अनुगमन गरिरहेका सरकारी अधिकारी तथा उद्योग वाणिज्य सङ्घका पदाधिकारीले यस प्रकारका गल्ती नदोहोऱ्याउन भन्दै सचेत गराई छाडेका छन्। मेची राजमार्गमा पर्ने जोरपोखरी र गोपेटार बजारका केही पसलमा

**बजार अनुगमन**

गरिएको अनुगमनमा धेरै खाद्य सामग्री म्याद गुज्रिए पनि बिक्रीका लागि राखेर बिक्री भइरहेको पाइएको हो।


बन्दाबन्दी र निषेधाज्ञाका कारण सहज खरिद बिक्रीको वातावरण नभएको मौकामा व्यवसायीले म्याद गुज्रिएका सामग्री बिक्री गरेका हुन्। यसक्रममा कतिपय व्यवसायीले खाद्य सामग्री उपभोक्ताको मागबमोजिम ल्याउने गरिएको तर बिक्री नहुँदा फिर्ता गर्न नसकिएको, एकदमै छोटो म्याद भएका खाद्य सामग्री खरिद गरी बिक्री गर्नुपर्ने बाध्यता रहेकोजस्ता गुनासो समेत गरेका थिए।

जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, उद्योग वाणिज्य सङ्घलगायत निकायका प्रमुख तथा प्रतिनिधि अनुगमनमा सहभागी थिए। यस क्रममा उनीहरूले उपभोक्ताले प्रयोगको म्यादबारे चासो राखे/नराखेको, व्यावसायिक मर्यादा र कानूनी प्रबन्धबारे जानकारी भए/नभएको समेत खोजी गरेका थिए। नियमित हुनुपर्ने बजार अनुगमन अत्यन्तै कम मात्रामा हुँदा विशेषत ग्रामीण क्षेत्रका उपभोक्ता गुणस्तरहीन तथा मापदण्ड बाहिरका सामग्री समेत प्रयोग गर्न बाध्य छन्।

यस्तै नियमित बजार अनुगमन गरी मापदण्ड पालना गर्न सुझाउने, चेतावनी दिने, सामग्री जफत गरी नष्ट गर्ने तथा कानूनी कारबाही

*(बाँकी अन्तिम पृष्ठमा)*

## जनमुक्तिको महाधिवेशन धरानमा



**धरान, भदौ १४।** राष्ट्रिय जनमुक्ति पार्टीले आफ्नो छैठौं राष्ट्रिय महाधिवेशन सुनसरीको धरानमा गर्ने भएको छ।

महाधिवेशन सम्पर्क समितिका संयोजक प्रकाश येङ्देनका अनुसार २६ गते धरानको गीता भवनमा उद्घाटन हुने र २७ र २८ गते बन्द सत्रबाट नयाँ कार्य समिति चयन गरेर अगाडि बढ्ने भएको जनाएका छन्। वैकल्पिक शक्ति निर्माणका लागि जुटेको राष्ट्रिय जनमुक्ति पार्टी महाधिवेशनमा अधिराज्यभरिका ६४ जिल्लाबाट प्रतिनिधि, पर्यवेक्षकको उपस्थिति रहनेछ।

कोरोना कहरका कारण पटक-पटक सर्दै आएको महाधिवेशन योपटक भने सम्पन्न गरेर नै जाने संघीय परिषद्को ११औं बैठकले निर्णय गरेको छ। बैठकमा पूर्वराष्ट्रिय अध्यक्ष एमएस थापाले पार्टीले उठाएको मूलधारको बाटोलाई बढावा गरेर लगे पार्टी तथा कार्यकर्ताको भविष्य रहने बताए। जातीय मुक्ति र हरेक क्षेत्रमा समानुपातिक प्रतिनिधित्वको अस्त्र बोकेर अगाडि बढेको पार्टी भएको हुँदा लक्ष्यमा पुग्न सकिनेमा थापाले जोड दिए।

**डाक्टर आउनेबारेको सूचना**

अब प्रत्येक दिन हाड जोर्नी नसा परालाइसिस रोग विषेशज्ञ डा. भगवान शाह, मेची आयुर्वेद अस्पतालका विशेषज्ञ डा.विजय श्रेष्ठ प्रत्येक शनिबार र अनुभवी कविराज कमल रिजालको दैनिक सेवा।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथरापी सेन्टर अष्टाङ्ग आयुर्वेद फार्मेसी**

**सम्पर्क: ९८०६०००३१३/०२३-५९०१६६**

**OLD IS GOLD**

**'गुणस्तरीय र सुलभ शिक्षा, कनकाईको प्रतिवद्धता'**

**भर्ना खुल्यो ! भर्ना खुल्यो !!**

मेची अञ्चलमै पहिलोपटक २०३५ सालमा अंग्रेजी माध्यमबाट पठनपाठन शुरु भई कक्षा नर्सरीदेखि मास्टर्स डिग्रीसम्म सञ्चालन भइरहेको पूर्वकै ऐतिहासिक शैक्षिक प्रतिष्ठान कनकाई एजुकेशन फाउण्डेशन विर्तामोडमा शैक्षिक सत्र २०७८ को लागि एमवीएस प्रथम सेमेष्टर तथा कक्षा ११ को व्यवस्थापन, शिक्षा र मानविकी संकाय अन्तर्गतका विषयहरुमा नयाँ भर्ना खुलेको सहर्ष जानकारी गराउँछौं। सीट सीमित भएकोले समयमै भर्ना गरी आफ्नो भविष्य सुनिश्चित गर्नुहोस्।

**सम्पर्क :** ०२३-५४००५५, ०२३-५४००९५ (क्याम्पस प्रशासन)
९८५२६७७४९९ (क्याम्पस प्रमुख)
९८४२६२६१३९ (प्राचार्य)
९८४२६५७९३८ (प्रशासकीय अधिकृत)

# प्रवक्ता शर्मामार्फत देउवालाई ज्ञापन


शेरबहादुर देउवा


विश्वप्रकाश शर्मा

**मेचीनगर, भदौ १३।** मेचीनगरका एक दर्जन भन्दा बढी संघ-संस्थाले नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्मामार्फत प्रधानमन्त्री शेरबहादुर देउवालाई बुझाएको ज्ञापन पत्र प्रधानमन्त्री कार्यालय वाट्सपमार्फत पठाएका छन् ।

केहीदिनअघि झापाको मेचीनगरसहित १ नम्बर प्रदेशका उद्योगी व्यवसायीहरुले पूर्वी काँकरभिट्टा नाकालाई सहज बनाउन आग्रह गर्दै प्रधानमन्त्रीलाई पठाएको ज्ञापन पत्रकै व्यहोरामा आइतबार नगरभरिका व्यवसायीहरुले नेपाली कांग्रेसका प्रवक्ता शर्मामार्फत प्रधानमन्त्री शेरबहादुर देउवालाई ज्ञापन-पत्र बुझाए लगत्तै प्रवक्ता शर्माले प्रविधिको प्रयोग गर्दै तत्कालै प्रधानमन्त्री कार्यालय पुग्ने गरी वाट्सपमार्फत पठाएका हुन् ।

होटल व्यवसायी महासंघका केन्द्रीय सचिव राजु अधिकारी नेतृत्वको एक प्रतिनिधि मण्डलले प्रवक्ता शर्माको निवास धुलाबारीमा पुगेर नेपाल प्रवेशको पूर्वीनाका काँकरभिट्टाबाट नेपाल आउन चाहने भारतीय व्यवसायी, पर्यटक, कामदार, विरामीलाई पीसीआर रिपोर्ट वा खोप कार्डको आधारमा सहजताका साथ नेपाल आउने व्यवस्था मिलाइदिन माग गर्दै शर्मामार्फत प्रधानमन्त्री शेरबहादुर देउवा तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरबार, काठमाडौमा ज्ञापन पत्र बुझाएका थिए ।

# सुरुङ्गा रोटरीको रक्तदान

**कनकाई, भदौ १३।** कोरोना कहरकाबीचमा पनि रगतको अभाव नहोस् भन्ने उद्देश्यका साथ झापाको सुरुङ्गामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

रोटरी क्लव अफ सुरूङ्गा एवम् रोट्रयाक्ट क्लव अफ सुरूङ्गाको संयुक्त आयोजनामा होटल डिलाइट परिसरमा सम्पन्न रक्तदानमा ३ महिलासहित ४० जनाले रक्तदान गरेको कार्यक्रमका संयोजक रोटरी क्लवका प्रेसिडेन्ट इलेक्ट खेमप्रसाद प्रसाईंले जानकारी दिए । सामाजिक क्षेत्रमा क्रियाशिल अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त क्लवको वार्षिक कार्यक्रम अनुसार नै सञ्चालन गरिएको रक्तदानमा नेपाल रेडक्रस सोसाइटी बिर्तामोडको रक्तसञ्चार सेवाले प्राविधिक सहयोग गरेको बताइएको छ ।

रोटरी क्लव अफ सुरूङ्गाका अध्यक्ष सुशीलकुमार श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथिका रुपमा रहेका कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले ४७औं पटक रक्तदान गरेका थिए । रक्तदान कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख पोखरेलले मानवीय सेवाका क्षेत्रमा अग्रस्थानमा रहेको रोटरी क्लव अफ सुरुङ्गा स्थानीय सरकारसँग समन्वय गरेर अघि बढ्ने सामाजिक संस्थाहरु मध्ये कनकाई नगरको पहिलो संस्था रहेको बताए ।

रगत दान भनेको जीवन दान हो भन्ने कुरालाई जोड दिँदै नगर प्रमुख पोखरेलले आफूले दिएको रगतबाट अशक्त-असहाय अथवा एउटा विपन्न परिवारको सदस्यले राहत पाउने कुरामा आफू विश्वस्त रहेको बताए । नगर प्रमुख




पोखरेलले रक्तदानकै दिन आफ्नी माताको समेत जन्म दिन परेको कुरा बताउँदै यो शुभअवसरमा रोटरीले आयोजना गरेको कार्यक्रमलाई आफूले एउटा महत्वपूर्ण अवसरका रुपमा लिएको प्रतिक्रिया दिएका छन् ।

क्लवका संस्थापक अध्यक्ष एलपी उप्रेती, पूर्वअध्यक्ष कुमारमणि पोखरेल, निवर्तमान अध्यक्ष टीकाप्रसाद जमरकट्टेल, रोट्रयाक्ट क्लवका अध्यक्ष दीपेन ओलीसहित अन्य पदाधिकारी साथै विभिन्न संघ-संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको रक्तदानमा कार्यक्रम संयोजक क्लवका प्रेसिडेन्ट इलेक्ट प्रसाईंले सहभागीहरुलाई स्वागत गरेका थिए । प्रेसिडेन्ट नोमिनी मोतीखर ओझाले धन्यवाद ज्ञापन गरेको कार्यक्रममा क्लवकी सदस्य सुष्मा उप्रेतीले टोस्ट प्रकट गरेकी थिइन् । औपचारिक कार्यक्रमको सञ्चालन रोटरी क्लव अफ सुरुङ्गाकी सचिव सरला दाहाल पोखरेल र रोट्रयाक्ट सचिव सारिका गिरीले संयुक्त रुपमा गरेका थिए ।

# सहयोगी मनहरूद्वारा झापा नेत्रहीन संघलाई सहयोग

**भद्रपुर, भदौ १३।** सहयोगी मनहरू नेपाल नामक संस्थाले झापा नेत्रहीन संघलाई आर्थिक सहयोग गरेका छन् ।

बिर्तामोड-३ स्थित नेत्रहीन संघको कार्यालयमा भएको एक संक्षिप्त कार्यक्रमका बीच सहयोगी मन नेपालकी सहसचिव सन्ध्या खनालले नेत्रहीन संघकी अध्यक्ष यशोदा बराललाई नगद ४१ हजार रुपैयाँ हस्तान्तरण गरेकी थिइन् । सहयोगी मन नेपालले आफ्ना सदस्यहरूबाट सो रकम सङ्कलन गरेको बताइएको छ । सो रकम दृष्टिविहीनका लागि कार्यालयमा स्थापना गरिएको अडियो लाइब्रेरी र व्यवस्थापनमा खर्च गरिने संघका सचिव भोजकुमार तामाङले जानकारी दिए ।

संघकी अध्यक्ष बरालको अध्यक्षता तथा बिर्तामोड खानेपानी संस्थाका अध्यक्ष जलकुमार गुरुङको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सहयोगी मनहरू नेपालकी उपाध्यक्ष सीता तिम्सिना, लायन्स क्लब दमक अफ गोल्डको अध्यक्ष श्याम तिम्सिना, ज्येष्ठ नागरिक संघ प्रतिष्ठान दमक अध्यक्ष अमृत बिष्ट, श्रीकृष्ण प्रणामी युवा परिषद् प्रदेश १ का अध्यक्ष अनिल ढुङ्गाना, हाम्रो परिवार राम्रो परिवार संस्थाका नानु पडगिनिले शुभकामना दिएका थिए ।

संघका सचिव भोजकुमार तामाङले सञ्चालन गरेको कार्यक्रममा कोषाध्यक्ष दिलकुमार राजवंशीले स्वागत गरेका थिए । संघका सल्लाहकार संयोजक द्रोणाचार्य निरौलाले कार्यक्रमको औचित्य माथि प्रकाश पारेका थिए ।

## कांग्रेसको ...

सम्भव देख्दिनँ ।

चितवन जिल्ला सभापति जितनारायण श्रेष्ठ मौसम र कोभिडले प्रभाव नपारे वडा अधिवेशन गर्न आफूहरु तयार रहेको बताउँछन् । ९८ वटा वडा रहेको जिल्लामा सोमबार निर्वाचन अधिकृतसँग बैठक बसेर अधिवेशनको वातावरण सिर्जना गर्ने श्रेष्ठको भनाइ छ । बाढी, पहिरो, प्राकृतिक प्रकोप र कोभिड भए छुट्टै कुरा, नभए अधिवेशन रोकिँदैन- श्रेष्ठ भन्छन् ।

१८ भदौबाट हुने वडा अधिवेशनका लागि निर्वाचन अधिकृतहरु जिल्ला जाने क्रम शुरु भएको छ । शनिबारसम्ममा महादेव यादव संयोजकत्वको निर्वाचन समितिले ५३ जिल्लाको निर्वाचन अधिकृत तोकिसकेको छ । पार्टीले समितिलाई ५३ जिल्लाको क्रियाशील सदस्यताको सूची बुझाएसँगै निर्वाचन अधिकृतहरु तोकिएका हुन् । समिति सचिव जगन्नाथ श्रेष्ठका अनुसार तोकिएका निर्वाचन अधिकृतहरु आइतबारबाटै जिम्मेवारी पाए अनुसारका जिल्ला जाने क्रम शुरु भएको छ । पार्टीले जति सूची दिन्छ हामीले त्यही अनुरुप जिल्लाका लागि निर्वाचन अधिकृत तोक्ने हो- उनले भने ।

श्रेष्ठका अनुसार पार्टीले जतिसक्दो चाँडो क्रियाशीलको अन्तिम सूची उपलब्ध गराउँछ, उति चाँडो अधिवेशनका लागि निर्वाचन प्रकृया अघि बढ्छ । अहिलेसम्म हेर्दा ५३ जिल्लाको वडा अधिवेशन हुन अब बाधक कोही पनि छैन, बाँकी जिल्लाको अधिवेशन गराउन पार्टीले सूची दिनुपर्छ- उनले भने ।

सर्लाही जिल्लाका पूर्वसभापति लक्ष्मण राय निर्वाचन समितिले १० दिनको समय पाएमात्र अधिवेशन गराउन सक्ने बताउँछन् । हाम्रो जिल्लाको क्षेत्र नम्बर २को विवादका विषयमा बल्ल आज निर्णय गर्लान् भन्ने सुनेको छु- उनी भन्छन्- अनि कहिले क्रियाशील सूची सार्वजनिक गर्नु, निर्वाचन अधिकृत तोक्नु कहिले हो ? त्यहाँ निर्वाचन अधिकृत पुग्नेबित्तिकै अधिवेशन भइहाल्छ भन्ने पनि त छैन ।

अधिकृतहरु जिल्ला पुगेपछि नेतृत्वसँग बैठक बस्नुपर्ने, प्रत्येक वडाका लागि मतदान अधिकृत तोक्नुपर्ने जसका लागि भ्रातृ संस्था शिक्षक संगठनसँग बैठक बस्नुपर्ने, पत्र दिनुपर्नेलगायतका प्राविधिक काम गर्न पनि समय लाग्ने भएकाले बोलेजस्तो सहजै अधिवेशन नहुने रायको तर्क छ ।

**नेतृत्व भन्छ– अधिवेशन सर्दैन**

सहमहामन्त्री प्रकाशशरण महतले भने १८ भदौबाट हुने वडा अधिवेशन नरोकिने बताएका छन् ।

नेतृत्वले १८ गतेका लागि तय भएको कार्यतालिकामा अलिकति पनि तलमाथि नगर्ने भन्दै उनले निर्वाचन अधिकृतलाई सम्पूर्ण अधिकार दिएकाले अधिवेशन हुन नसकेको वडामा कहिले गर्ने भन्ने निर्णय निर्वाचन समिति र मतदान अधिकृतलाई भएको महतको भनाइ छ । तोकिएको मितिमा अधिवेशन हुनेमा ढुक्क हुन महतको आग्रह छ ।

धर्नामा बसेकाहरुले भनेर अधिवेशन सर्ने हो र, निर्वाचन अधिकृतहरुले जिम्मेवारी लिएर जिल्ला गइसके- महतले भने- १८ गते सम्भव नभएको ठाउँमा निर्वाचन अधिकृतहरुले जहिले गराउँछन् त्यही दिन हुन्छ । केन्द्रीय सदस्य गुरु घिमिरे बाँकी रहेका २४ जिल्लाको क्रियाशील सूची आइतबार बेलुकीसम्म सार्वजनिक भएमात्र १८ गते सम्भावना देख्छन् । सहमति अनुसार ६ हजार ७ सय ४३ वडामा एकसाथ अधिवेशन गर्ने हो भने २२ भदौमा अधिवेशन हुने घिमिरेको तर्क छ ।

एकचौटी गरे २२ भदौ नै विकल्प हो- घिमिरे भन्छन्- ५३ जिल्लाको १८ गते गरेर बाँकी रहेका २४ जिल्लाको ४ दिन पछि गर्न सकिने विकल्प पनि छ ।

## कतै कम ...

गर्नेसम्मका प्रक्रियामा प्रशासनिक निकाय नजाँदा व्यावसायिक मापदण्डको पालना हुन नसकेको सरकोरवालाको भनाइ छ । यस्तै जिल्लास्तरमा उपभोक्ताका पक्षमा निरन्तर काम र वकालत नहुँदा सरकारी निकायले अनुगमन तथा कारबाहीमा पर्याप्त चासो दिएको छैन । प्रमुख जिल्ला अधिकारी पुण्यप्रसाद ढकालले विगतमा कोभिड-१९ महामारी नियन्त्रणमा सबै निकाय केन्द्रित भएको र अनुगमनका कार्य नियमित हुने बताए ।

यहाँका बजारमा स्पष्ट मूल्यसूची नराख्ने, मादक पदार्थ तथा सुर्तीजन्य सामग्री बिक्रीको अनुमति नै नलिइ अन्य सामग्रीसँग राखेर बिक्री गर्ने, व्यवसाय दर्ता र नवीकरणलाई नियमित र अद्यावधिक नगर्ने जस्ता समस्या विगतबाटै देखिने गरेका छन् । यस्तै राजमार्ग क्षेत्रका होटल, रेस्टुराँको नियमित अनुगमन नहुँदा यहाँबाट बिक्री वितरण हुने खाद्य पदार्थको गुणस्तरमाथि प्रश्न उठ्ने गरेको छ ।

## ज्यान ...

घटनास्थलमै ५ वटा र भोलिपल्ट झापाका विभिन्न स्थानमा ३ वटा शव भेटिएको थियो । डुङ्गामा कति यात्रु सवार थिए, यकिन तथ्याङ्क हालसम्म कोहीसँग छैन । सो समयमा डुङ्गा दुर्घटनामा परी ज्यान जोगाएकाहरु भन्थे- '५० जनाभन्दा बढी नै थियौं ।'

यता माई खोलाको चन्डालघाटमा पक्की पुल बनेसँगै महमाई र दानाबारीबीच ढकने, सिमले र सेल्फी डाँडा चेप्टीमा झोलुङ्गे पुल निर्माण भई यातायात सहज बन्दै गएको छ । यसैबीच इलामको माई नगरपालिका वडा नम्बर-१का ३ बालिकालाई २०७६ असार २८ गते शनिबार माई खोलाले बगाएर हालसम्म बेपत्ता बनाएको छ । स्कुलबाट घर फर्कने क्रममा माई नगरपालिका-१की १५ वर्षीया सुनीता साउदेन, सोही वडा र उमेरका अन्य दुई बालिका आकृति लिम्बू र निशा सुनुवारलाई खोलाले बगाएको थियो । हालसम्म उनीहरु बेपत्ता नै छन् । माई नगरपालिका-६ महमाईको भगवती मावि गोतामेटारबाट स्कुलमा शुक्रबार परीक्षा सकेर शनिबार घर फर्कने क्रममा खोला तर्दा तीनैजना बगेका थिए । हालसम्म उनीहरु बेपत्तानै रहेका छन् । बिद्यार्थीका परिवारलाई संघीय सरकारवाट १ लाख, प्रदेश सरकारबाट २ लाख र स्थानीय सरकार माई नगरपालिकाबाट १ लाख ५० हजार गरी जनही ४ लाख ५० हजार प्रदान गरेको माईका मेयर दीपककुमार थेवेले जानकारी दिए ।

तीन जना विद्यार्थी खोलामा बगेपछि माई-१ को ज्वाले, माझीटार, घन्टे र सहवीरेबाट स्कुल आउने बिद्यार्थीको संख्या आधा घटेको शिक्षक दिनेशकुमार भगत बताउँछन् । ३५/४० जना बिद्यार्थी नियमित स्कुल आउँथे, अहिले तीन जना बिद्यार्थी खोलामा बगेर बेपत्ता भएदेखि १५ जना मात्र आएका छन्- शिक्षक सुन्दर बुढाथोकीले भने । माई खोलामा पुल नबन्दा सो क्षेत्रका बिद्यार्थी अहिले पनि जोखिमपूर्ण यात्रा गर्न बाध्य रहेका छन् । घण्टेबाट बिहीबारेसम्मको ८ सय ५० मिटर लामो झोलुङ्गे पुल निर्माण भइरहेकाले केही महिनामा यातायात सहज बन्ने माई-६का वडाध्यक्ष मुखराज आङ्दम्बेले बताए ।

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



**कर्मचारी आवश्यकता**

यस **द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि.**, सुरुङ्गा शाखाका लागि बजार प्रतिनिधिको आवश्यकता परेको हुँदा तपसिल बमोजिमको इच्छुक उम्मेदवारहरुले आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

पदः बजार प्रतिनिधि
संख्याः केही
तलबः संस्थाको नियमानुसार
शैक्षिक योग्यताः एस.ई.ई. वा सो सरह
आवश्यक कागजातहरुः हस्तलिखित निवेदनसहित शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, दुई प्रति पासपोर्ट साइजको फोटो

**उल्लेखित कागजातहरुसहित इच्छुक उम्मेदवारहरुले यही मिति २०७८।०५।१८ गते सम्ममा आवेदन दिनुहुन अनुरोध गरिन्छ ।**

**सम्पर्कः ९८०१५४२५७५**

**रोङ गाउँपालिकाको अत्यन्त जरुरी सूचना**

मितिः २०७८।०५।०७

यस रोङ गाउँपालिका क्षेत्रभित्र मिति २०७८ साल असोज १ गतेबाट प्लाष्टिकका झोलाको प्रयोग पूर्णरुपमा निषेध गरिएको छ । सम्पूर्ण रोङवासी आदरणीय दाजुभाइ, दिदीबहिनीहरुमा प्लाष्टिकको झोलाको प्रयोग पूर्ण रुपमा बन्द गरिदिनुहुन यसै सूचना मार्फत अनुरोध गरिन्छ । यदि यस सूचनाको उल्लघंन गरी प्लाष्टिकको झोला प्रयोग गरेको पाइएमा पसल, व्यवसायीहरुबाट रु. १,०००/– र व्यक्तिबाट रु. १००/– जरिवाना असुल उपर गरिने समेत जानकारी गराइन्छ ।

**फोहोरमैला व्यवस्थापनमा जुट्ने हाम्रो पालो**
**यसका लागि सबैले गरौं हातेमालो ।**

**– रोङ गाउँपलिका, इलाम**

Congratulations to all SEE Graduates
Amity Education Foundation
A Purely English Environment institution known for its conducive academic enviornment and excellent results year after year
OPENS ADMISSION IN CLASS-XI
+2 Business Studies
Computer Science
Hotel Management
Get Registered Immediately
AMITY
For those who want to excel
AMITY SEC. SCHOOL
Birtamode-05, Jhapa Nepal
Tel: 023-590762, 023-541269
Mob: 9852642762
Email: amitycollegejhapa@gmail.com l Web: www.amityedufound.com



**प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**व्यावसायिक तथा सिप विकास तालिम केन्द्र**
**प्रदेश नं. १ भद्रपुर झापाको**

**सिप विकास तालिम सञ्चालनको लागि दरखास्त आव्हान सम्बन्धि सूचना**

**प्रथमपटक प्रकाशित मिति २०७८।०५।१४**

यस केन्द्रबाट आव ०७८।०७९ मा सञ्चालन गरिने देहाय अनुसारका आधारभूत सिप विकास तालिमहरु सञ्चालन गर्न/गराउन इच्छुक स्थानीय निकाय गैर, नाफामूलक गैरसरकारी सामुदायिक वा सामाजिक संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा प्रस्ताव पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । प्रशिक्षार्थीहरुवाट तालिम वापत कुनै शुल्क लिइने छैन र तालिम सामग्री उपकरण र प्रशिक्षक वाहेक थप सुविधा पनि उपलब्ध हुने छैन ।

**१. स्थानीय निकाय गैर नाफामूलक गैरसरकारी सामुदायिक वा सामाजिक संघ संस्थाहरुको सहकार्यमा सञ्चालन गरिने तालिमहरु**

| सि.नं | तालिमको विषय | तालिमको अवधि | न्युनतम शैक्षिक योग्यता | प्रस्ताव फाराम पाइने स्थान |
|---|---|---|---|---|
| १ | विद्युत् जडान | ३ महिने (३९० घण्टा) | कक्षा ८ उत्तीर्ण | व्यावसयिक तथा सिपविकास तालिम केन्द्र भद्रपुर झापा |
| २ | प्लम्विङ | ३ महिने (३९० घण्टा) | कक्षा ८ उत्तीर्ण | |
| ३ | केश श्रृंगार | ३ महिने (३९० घण्टा) | कक्षा ८ उत्तीर्ण | |
| ४ | सिलाई कटाई | ३ महिने (३९० घण्टा) | कक्षा ८ उत्तीर्ण | |
| ५ | मोटर साईकल मर्मत | ६ महिने ७३० घण्टा) | कक्षा ८ उत्तीर्ण | |
| ६ | मोवाईल मर्मत | ३ महिने (३९० घण्टा) | SEE वा SLC उत्तीर्ण गरी आधारभूत कम्प्युटर तालिम लिएको | |
| ७ | कम्प्युटर | ६ महिने ७३० घण्टा | SEE वा SLC उत्तीर्ण | |
| ८ | विद्युत् जडान अपग्रेडिङ्ग | ४५ दिने | कक्षा ८ उत्तीर्ण | |
| ९ | सिलाई कटाई अपग्रेडिङ्ग | ४५ दिने | कक्षा ८ उत्तीर्ण | |
| १० | ढाका बुनाई अपग्रेडिङ्ग | ४५ दिने | कक्षा ५ उत्तीर्ण | |
| ११ | मोवाइल मर्मत अपग्रेडिङ्ग | ४५ दिने | SEE वा SLC उत्तीर्ण | |

**तालिम सञ्चालन गर्न इच्छुक निकाय वा संघ-संस्थाहरुले पालना गर्नुपर्ने शर्तहरु**

१. संघ-संस्थाहरुले दर्ता प्रमाण-पत्र, अद्यावधिक नवीकरणको प्रमाण, समाज कल्याण परिषद्मा आवद्धताको प्रमाण, पान नं., मु.अ.क.दर्ता, स्वीकृत विधानको प्रतिलिपि संलग्न राखी सस्थाको आधिकारिक पदाधिकारीबाट लिखित अनुरोध पत्रसहित तोकिएको प्रस्ताव फाराम शुल्क रु २००।- तिरी यस कार्यालयमा कार्यालय समयभित्र बुझाई सक्नुपर्ने छ । कागजात प्रतिलिपि बेगर प्रस्ताव फाराम खरिद गर्न र बुझाउन पाइने छैन ।

२. तालिम सञ्चालन गर्न योग्य भइ छनौट भएका संघ-संस्थाले यस केन्द्रवाट तालिम समापन भएपछि फिर्ता हुने गरी तालिम सामग्री तालिम उपकरण र सम्वन्धित विषयको प्रशिक्षक प्राप्त गर्ने छन् । तालिम सञ्चालनको लागि थप व्यवस्थापन एवम् तालिम कक्ष, विद्युत्, पानी र शौचालय लगायतका सुविधा संघ-संस्थाहरुले नै निशुल्क उपलब्ध गराउनु पर्ने छ । प्रशिक्षार्थीहरुसँग कुनै शुल्क लिन पाइने छैन ।

३. यस केन्द्रमा छनौट भएका तालिम प्रदायक संघ-संस्थाहरुमा सञ्चालन हुने तालिमहरु ३ महिने ३९० कार्य घण्टा दैनिक औसत ६ कार्य घण्टा सञ्चालन गर्नुपर्ने छ ।

**सम्पर्क नम्बर ०२३-५२०३०५** **केन्द्र प्रमुख**

**कोरोना विरुद्धको खोप कसले लगाउने र कसले नलगाउने भन्ने अन्योल छ ।**
**यस्तोमा निम्न अवस्थाका व्यक्तिले कोरोनाविरुद्धको खोप लगाउनु हुँदैन :**

- १८ वर्षभन्दा कम उमेरका व्यक्ति
- खोपको पहिलो मात्रा लगाएपछि एनाफाइलेक्सिस् प्रतिक्रिया (गम्भीर एलर्जी) भएको व्यक्ति
- यो खोपको कुनै तत्त्वबाट गम्भीर प्रकारको प्रतिक्रिया वा एनाफाइलेक्सिस् भएको व्यक्ति
- पहिला अन्य कुनै खोप, सुई, औषधी वा खानेकुराबाट गम्भीर प्रकारको प्रतिक्रिया भएको व्यक्ति
- हाल गम्भीर बिरामी भएको वा उच्च ज्वरो आएको व्यक्तिले निको नहुन्जेल
- कोभिड-१९ को लागि Monoclonal antibodies वा Convalescent plasma उपचार विधि अपनाएकाले कम्तीमा ९० दिनपछि खोप लगाउन मिल्छ
- कोरोना संक्रमितले संक्रमणमुक्त भएको ३० दिनपछि खोप लगाउन मिल्छ




यी बाहेक बाँकी सबैले आफ्नो पालो आउँदा खोप लगाउनुपर्छ । खोप लगाउनुअघि आफ्नो रोग र आफूले सेवन गरिरहेको औषधीको बारेमा स्वास्थ्यकर्मीलाई जानकारी गराउनुहोस् ।




नेपाल सरकार
विज्ञापन बोर्ड

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रेसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## फोहरको पर्याय बन्दै बिर्तामोड

**हाम्रो सन्दर्भमा शहर हुन फोहोर अनिवार्य हुन्छ । जब कुनै ठाउँ र बस्तीमा जनघनत्व बढ्न थाल्छ तब अव्यवस्था पनि क्रमशः बढेर जान्छ । हाम्रा बजारहरू त्यसरी नै शहरमा रुपान्तरित हुँदै जाँदा स्थानीयद्वारा उत्सर्जित फोहर त्यस ठाउँको पर्याय बन्दै गए । देशको राजधानी काठमाडौं आज पनि मानवजन्य फोहरले कुरूप छ र त्यसले उत्पन्न गरेको प्रदुषणले आक्रान्त छ । उसकै अनुशरण गर्दै विकसित अन्य शहरहरू झैं झापाको बिर्तामोड नगर क्षेत्र पनि मानव स्वास्थ्यका दृष्टिले बसोबासका लागि अनुपयुक्त बन्दै गएको छ । विकास केवल भौतिक पूर्वाधार र सेवाको उपलब्धता मात्र होइन त्यस ठाउँका बासिन्दाको स्वभाव, चरित्र र मानसिकतामा देखिने परिवर्तन पनि हो । तर, हामी कहाँ जति जति भौतिक पूर्वाधार र सेवा थपिँदै जान्छ त्यति त्यति आनीबानी र मानसिकता खुम्चिँदै गरेको छ ।**

**बिर्तामोड पूर्वी नेपालको सीमान्त जिल्ला हो । तराई प्रदेशको भारतसँग खुल्ला आवागमन हुने भएका कारण पनि यहाँको जनघनत्व बढी भएको हुनसक्छ । आर्थिक गतिविधि र कारोबारका हिसाबले पनि बिर्तामोड झापाको चर्चा बढी हुने नगर क्षेत्र हो र, यही बिर्तामोड मानव उत्सर्जित फोहरका कारण पनि चर्चामा छ । जनघनत्व बढेका कारण बिर्तामोड वरिपरिका खेतीयोग्य जग्गामा कंक्रिटका जङ्गल हुर्किएपछि ती जङ्गलबाट उत्सर्जित फोहर सडक, पैनी र खोलानालामा थुप्रिन थाले । परिणाममा फोहरको पहाड अग्लिँदै गयो । सड्ने फोहरले वायु प्रदूषण बढाउँदै लग्यो भने नसड्ने प्लाष्टिकजन्य फोहरले शहरको सौन्दर्यलाई कुरूप, भद्दा र विभत्स बनाउन थाल्यो । लामो समय जनप्रतिनिधिविहीन भएकाले बिर्तामोडको फोहर व्यवस्थापन गर्ने तर्फ सरोकारवाला निकायको ध्यान गएन र समस्या झनै अनियन्त्रित हुँदै गयो ।**

**केही समय अघि नगरपालिकाकै अगुवाइमा फोहर सङ्कलन गरिएको भए पनि दीर्घकालीन योजना नभएकाले प्रभावकारी हुन सकेको थिएन । यसैबीच बिर्तामोडको फोहरको योजनावद्ध व्यवस्थापन गर्ने जिम्मा नगरपालिकाले काठमाडौंको निराकार सरसफाई कम्पनीलाई दियो । उसले एक दुई हप्ता फोहर सङ्कलन पनि गर्‍यो । तर, फोहर व्यवस्थापन गर्ने स्थायी ठाउँको अभावमा उसले पनि सङ्कलन कार्य नै बन्द गर्‍यो । फोहर सङ्कलन र व्यवस्थापन गर्ने जिम्मेवारी नगरपालिकाको हो । तर, उसले डम्पिङ साइडको व्यवस्थापन गर्न सकेको छैन । हिजोसम्म पूर्व–पश्चिम महेन्द्र राजमार्गको किनारमा खाल्डो खनेर सङ्कलित फोहर व्यवस्थापन गर्दै आएको थियो जुन दिगो विकास र दीर्घकालीन समाधानको प्रतिकूल थियो र छ । अहिले जिम्मा लिएको संस्थाले पनि व्यवस्थापनकै समस्याले उठाउन छाडेपछि बिर्तामोडका सडकपेटी दुर्गन्धित भएका छन् । अझ निरन्तरको वर्षाले फोहर कुहिएर भूमि, जल र वायु प्रदूषणले मानव स्वास्थ्यमा प्रतिकूल असर देखिन थालेको छ । नगरबासीको स्वास्थ्य रक्षाको दायित्व स्थानीय सरकारको हो । त्यसैले बिर्तामोडलाई सुन्दर बनाएर स्थानीयबासीलाई प्रदुषणबाट जोगाउन नेतृत्वले दीर्घकालीन समाधान खोज्नुपर्छ । अन्यथा बिर्तामोडलाई फोहरको पर्याय बन्नबाट रोक्न सकिँदैन ।**

# रुसी 'आमा'ले देखाएको समाजवादको सपना र नेपालमा समाजवादको बहस



तीर्थराज खरेल

नेपालको संविधान २०७२ मा नेपाल अब समाजवादउन्मुख राज्य हुनेछ भनी लेखिएको छ। नेपालमा यतिबेला समाजवादको सपना सबैभन्दा बढी बिक्री हुने विश्वास गरिएको नारा हो। सबै राजनीतिक दलहरुका समाजवादका आफ्नै परिभाषा र मान्यताहरु छन्। सन् १८४८ मा कार्ल मार्क्स र फ्रेडेरिक एंगेल्सले पुँजीवादका विरुद्ध वैज्ञानिक साम्यवादी घोषणापत्र लेखेका थिए। उनीहरुले पुँजीवादी उत्पादन सम्बन्धहरूले नै पुँजीवादी समाजको विकासलाई रोकिदिन्छन्, अनि जब उत्पादक शक्तिहरूले यी अड्चनहरू पार गर्न थाल्छन्, त्यसबखत तिनले सारा पुँजीवादी समाजलाई नै डगमगाइदिन्छन् र पुँजीवादी स्वामित्वको अस्तित्वलाई नै खतरामा पारिदिन्छन् भनेर लेखेका थिए। पुँजीवादी सम्बन्धहरू तिनीहरूद्वारा उत्पादित सम्पत्ति समाविष्ट गर्न अत्यन्त संकुचित हुन जान्छन्।

कम्युनिस्ट घोषणापत्रमा उनीहरुले एकातिर, उत्पादक शक्तिहरूको एक ठूलो भागलाई नष्ट गरेर अनि अर्कोतिर नयाँ-नयाँ बजारहरू कब्जा गर्नुका साथै पुराना बजारहरूको पुरापुर शोषण गरेर भनी लेखेका छन्। तसर्थ भन्न सकिन्छ- समाजवादको जन्म पुँजीवादको गर्भबाटै हुन्छ। नेपालमा वामपन्थी पार्टीहरु आफूलाई वैज्ञानिक समाजवादको हिमायती ठान्छन्। आज संसारमा सबैभन्दा बढी कुनै सिद्धान्तले प्रभावित गरेको छ भने त्यो मार्क्सवादले नै छ। मार्क्सवादको मानवीय स्वरूप र शोषणमुक्त समाजको आह्वानले यस दर्शनले २०औं शताब्दीभरि एसिया, मध्यपूर्व, ल्याटिन अमेरिका र अफ्रिका सबै भूगोललाई प्रभावित गर्‍यो। शोषणविहीन राज्यको परिकल्पनासहित स्थापित सोभियत संघ, पूर्वी युरोपका केही देशमा समाजवादी सरकार स्थापना भए।

समाजवादी मुलुकमा नयाँ समाजमा नयाँ मान्छेको जन्म हुने विश्वास गरियो। माक्सिम गोर्की (१८६८/१९३६)को विश्वका १२० भन्दा बढी भाषामा अनुदित बहुचर्चित उपन्यास 'आमा' लेखिँदा रूस तनावपूर्ण स्थितिबाट गुज्रिरहेको थियो। यो उपन्यासले रुसको क्रान्तिपूर्वको सर्वहारा मजदुर वर्गको चित्रण गरेको छ। सन् १९०५ को रुसी क्रान्तिमा कामदार वर्गको भूमिका र त्यसमा पनि महिलाहरुको भूमिकालाई उजागर गरेको छ उपन्यासले। उपन्यासमा दुई मुख्य घटनाको सटिक प्रकटीकरण छ- सन् १९०२ को मे दिवसमा रुसको सारामोभोमा भएको प्रदर्शन र प्रदर्शनकारीलाई गिरफ्तार गरी जारशाहीले मुद्दा चलाएको घटना। शुरुवातीमा उपन्यासकी मुख्य पात्र पेलगेया निलोभ्ना (पाभेल मिखाइलोभिचकी आमा) आम रुसी आमा झैं छन्- रुढीवादी, धार्मिक, डरपोक तर आफ्ना छोराछोरीप्रति मायालु।

आफ्ना पति मिखाइल भ्लासोभको २० वर्षसम्मको निरन्तरको पीडा र यातना पतिको मृत्युपछि मात्र रोकिन्छ र पतिको मृत्युमा कसैको आँशु झर्दैन। तिनै पीडा, वेदना र कठिनाइमा जिइरहेको आमामा रुसमा भित्रभित्रै क्रान्तिको ज्वाला दन्किँदै जाँदा व्यापक परिवर्तन हुन्छ र उनी क्रान्तिकी आमा बन्दछिन्। छोरा पाभेलले जसरी मजदुरहरुको सामुहिकता र संगठनमा शक्ति हुन्छ र यो नै समाजवादी क्रान्तिको आधार हो भन्ने सच्चाइलाई बुझ्दै जान्छन्, त्यसरी नै आमामा पनि सर्वहाराको यो विचारले नवीन मानवजातिको विकास हुन्छ र




ईश्वर पनि नयाँ रुपमा प्रकट हुन्छन् भन्ने विश्वास जागृत हुँदै जान्छ।

भौतिक परिस्थितिले मानवीय चेतनाको विकास हुने र मानवीय चेतनाले भौतिक परिवेशलाई आफू अनुरुप बदल्न कोशिस हुने निरन्तरको अन्तरविरोधका बीचबाट नयाँ युगको आरम्भ हुन्छ भन्ने कुरा आम रुसी मजदुरवर्गले व्यवहारबाटै बुझ्दछ। रूसको निसासिँदो वातावरणबाट पार पाउन रूसी श्रमजीवी जनताले संघर्ष गर्ने निधो गरे। उनीहरू राजा कहाँ 'राजा आऊ, हामीलाई बचाऊ' भाषाको बिन्तीपत्र बुझाउन गए। 'पूज्य पिता'ले उल्टो गोलाबारुदले स्वागत गरे। यसबाट मुर्मुरिएका गोर्कीका दुःखीजनहरू हडतालमा उत्रिए। घमासान संघर्ष भयो। रुसभरि सबैतिर मजदुर सडकमा निस्किए। मजदुर र सैनिकहरू लडाइँमा आए। तर, विभिन्न कमीकमजोरीका कारण संघर्ष तुहियो। अर्को दिनदेखि जारको दमनकारी बुट बज्रिन शुरु भयो। आन्दोलनकारीहरू माथि लुटपाट, मारकाट, जेल र साइबेरिया चलान जस्ता आततायी दमन चल्यो। क्रान्तिकारीहरू निरास र हतास थिए।

'आमा' उपन्यास यस्तै उकुसमुकुस घडीमा छापिएको थियो। एउटा साहित्यिक कृतिमा कति शक्ति हुन सक्छ, 'आमा' उपन्यासले देखाइदियो। लेनिनले समेत यस उपन्यासको तारिफ गरेका छन्। उपन्यासले एकाएक क्रान्तिकारीहरूमा ऊर्जा सञ्चार गरेको थियो। संघर्षको विजय कथा सुनाएको थियो। दूर क्षितिजमा देखिने आशाको झुल्के घाम देखाएको थियो। लखतरान भई चौतारीमा सुस्ताएका क्रान्तिकारीहरूलाई उत्साहको लौरो थमाएको थियो। रूसी क्रान्तिकारीहरू 'आमा'को पथमा अघि लम्के र उनीहरूले अक्टोबर क्रान्तिको उज्यालो किरणले आफ्नो देशलाई सिँचे। उपन्यासले असफल क्रान्तिबाट मजदुर वर्ग कसरी विशाल र रोक्नै नसकिने क्रान्तिको तयारी गर्छन् भन्ने पूर्वाभ्यास देखाएको छ।

समाजवाद वास्तवमा जिउँदै हुँदाका मृत आत्माको पुनर्जीवन र पुनः उत्थानको सिद्धान्त हो। 'आमा' उपन्यास रूसी मजदुर आमाको कथा हो। सामन्तवाद र पुँजीवादको निर्मम पर्खालले घेरिएको छ उनको जीवन। उनको शरीर त जिउँदो छ, तर आत्मा मरिसकेको छ। उनमा जीवनप्रति कुनै लगाव छैन। कुनै रहर, कुनै उल्लास छैन। लोग्नेलाई खाना बनाइदिनु छ। दिनभरि कारखानामा घोटिनु छ। रातमा जँड्याहा लोग्नेको चुटाइ खानु छ। छोराप्रतिको माया मात्र उनको एकमात्र सम्बल हुन्छ, बाँच्नका लागि आशाको मधुरो बत्ती। छोरो पाभेल भूमिगत क्रान्तिकारी गतिविधिमा लाग्छ। अलि-अलि गर्दै आमा उसका विचारहरूबाट प्रभावित हुँदै जान्छिन्। उनको मृत आत्मा फेरि ब्यूँतिन्छ। अब उनको आत्मालाई दुनियाँको कुनै शक्तिले दबाउन सक्दैन। उनी क्रान्तिकारी गतिविधिहरूमा ज्यान फालेर लाग्छिन्। यस्ता हजारौं र लाखौं आमाहरूका कारण पुँजीवाद मरेको थियो रूसमा। र, संसारमा समाजवादी झन्डा फहरिएको थियो। अझ रोमाञ्चक कुरा के छ भने गोर्कीले जुन आमालाई यस उपन्यासमार्फत शब्दमा उतारेका थिए, ती आमा क्रान्तिपछि पनि धेरै वर्षसम्म बाँचिरहिन्।

जारशाही रूसका मजदुर, किसान र दरिद्र सिपाहीहरू जार, जारका सैन्य जनरल, सामन्त र पुँजीपतिहरूको दोहोरो-तेहेरो शोषणबाट पिल्सिरहेका थिए। मरीमरी मालिकको सेवा गर्‍यो, हात लाग्थ्यो शून्य। दिनभरि कलकारखानामा जोतियो, खान पनि नपुग्ने ज्याला पाइन्थ्यो। त्यसमाथि 'पितातुल्य' राजाले बेलाबेला करको भारी बढाइरहन्थे। खान पनि पुग्दैनथ्यो। रातरातभर रासनपानीका पसल अगाडि लाइनमा बस्यो, हात पर्थ्यो नाममात्रको रोटी। युद्धमा जानै पर्थ्यो। गयो, ज्यान फाल्नुपर्थ्यो वा रोगी र अंगभंग भई फर्किनुपर्थ्यो। युद्ध रूसी शासकहरूका लागि मेला वा चाडबाड जस्तै थियो। युद्धमा जितेको जमिन जर्नेल, कर्नेलको मौजा बन्थ्यो। उनीहरू मोजमस्ती गर्थे। यता किसानहरू भने छोराहरूले ज्यान फालेर देशमा थपेको धनीमानीका नयाँ मौजा फाँड्न र खनजोत गर्न मै आफ्ना कैयन पुस्ताको ढाड कुप्राउँथे। गोर्कीको बाल्यकाल यही समाजमा बितेको थियो।

ढाँट-छल, लोभ-लालच, पाखण्ड र त्यसले निम्त्याउने मनुष्यहीनताको रजाइँ चल्ने समाजमा। गोर्कीको सेरोफेरोमा भौतिक सरसाधनको मात्र अभाव थिएन, आत्माको सौन्दर्य पनि गायब थियो। गोर्कीले यो कुरा आफ्नो अनौठो बानीले गर्दा थाह पाए। पढ्ने बानीले। उनले देशदेशावरका असल मानिसका बारेमा पढे। विज्ञान, इतिहास र युरोपेली समाज पढे। रूसी साहित्यको सागरमा चुर्लुम्म डुबे। राम्राराम्रा कथा, कविता र उपन्यास पढे। तर, गोर्कीको परिवेश पनि कुनै कथाभन्दा कम रोचक थिएन। त्यहाँ चोर, ठग, लोभीपापी, जँड्याहा, वेश्या जस्ता समाजको पिँधमा सर्वाधिक पेलान र चेपानमा पर्ने मानिसहरू थिए। गोर्की तिनका मनोदशासँग किशोर वयमै परिचित भए। त्यसैकारण उनी यो उपन्यास लेख्न सफल भए।

समाजवादी क्रान्तिको दिशानिर्देशको रूपमा 'आमा' उपन्यासलाई लिन सकिन्छ। 'आमा'को बाटो नै जीवन संग्रामको बाटो हो मेहेनतकश मजदुरवर्गका लागि। समाजवाद मानव जातिको मुक्तिपथ हो। समाजवाद क्रान्तिको गोरेटो हो। वास्तवमा मजदुर वर्ग नै क्रान्तिको वास्तविक संवाहक हो, उत्प्रेरक हो र पहलकर्ता हो। मजदुरवर्गका लागि अरुले क्रान्ति गरिदिँदैनन् भन्ने सच्चाइलाई यो उपन्यासमा सटिकरुपमा देखाइएको छ। क्रान्तिले चेतना दिन्छ, खराब मानिसलाई पनि असल मार्गमा लाग्ने प्रेरणा दिन्छ। मार्क्सवादको आलोकमा समाजवादी/साम्यवादी सपनालाई साकार तुल्याउन सम्पूर्ण सामाजिक, राजनीतिक र आर्थिक क्रान्ति गर्न जरुरी छ भन्नेमा विश्वास गर्छन् कम्युनिष्टहरु। मार्क्सले संसारको व्याख्या गर्ने मात्र होइन, परिवर्तन गर्ने ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी दर्शनको वकालत गरेका छन्।

वैज्ञानिक समाजवाद आजसम्मका राज्यव्यवस्था मध्ये सबैभन्दा उत्तम एवम् मानव-हितकारी विशेषताहरू भएको राज्यव्यवस्था मानिन्छ। वैज्ञानिक समाजवाद पुँजीवादी उत्पादन सम्बन्ध एवम् राज्यव्यवस्थाले समाजमा पैदा गरेका वर्गअन्तर्विरोध, शोषण, उत्पीडनका साथै दमनलाई समाधान दिनका लागि अनुसन्धान गरिएको व्यवस्था हो। यसले समाजवाद-साम्यवादका राजनीतिक, आर्थिक, सांस्कृतिक, सामाजिक सम्बन्धहरूको निर्माण र विकास गर्दछ। नयाँ समाजवादी सम्बन्धहरूद्वारा आजसम्म विद्यमान वर्ग, जाति, धर्मबीचका अन्तर्विरोधहरूलाई समाधान गर्दछ। वास्तवमा मार्क्सवाद भनेको समाजको व्याख्या र विश्लेषण मात्र गर्ने शास्त्र होइन, यो त जीवनदर्शन र शैली पनि हो।

tirthakharel2028@gmail.com

# गोपिनीका वस्त्र चोर्ने कृष्ण भगवान !



लक्ष्मी काफ्ले जीवन उप्रेती

समय पनि कस्तो आयो ? कलियुग शुरु भएको केही हजार वर्ष मात्र हुँदैछ। मानिसले निकै घमण्डका साथ भगवान मान्दिनँ भन्न थालिसके। भगवानप्रतिको श्रद्धा र अस्था नै हराइसक्यो। सार्वजनिक धार्मिक कार्यक्रमहरुमा पुरोहित, पण्डितले टिका लगाइदिँदा 'म लगाउँदिनँ' भन्नेहरु भेटिन्छन् हिजोआज। यो सरासर आधुनिकताको खोक्रो अभिमान हो।

मृत्युलोकमा हामी केही दिनका मात्र पाहुना हौं। हामी निश्चित अवधिका लागि अन्तैबाट आएका हौं, समय पुगेपछि अन्तै जानु छ भन्ने किन स्वीकार्न सक्दैन मान्छे ? भनिन्छ कयौं जन्मपछि हामी मनुष्यको जीवन पाउँछौं। मनुष्य जीवन नै परमात्मासम्म पुग्ने एकमात्र अवसर हो। यो अवसर पनि मानिसले अहंकार, दम्भ, घमण्ड, रिस, मोह, लोभ, ईर्ष्यामै बिताउँछ। भगवानलाई चिन्ने, भगवानसँग सम्बन्ध गाँस्ने प्रयत्न किन गर्दैन मान्छे ?

कलियुगमा मान्छेले खुब एकर्काको कुरा काटिरहेछन्। झैं-झगडा र कलहमा जीवन बिताइरहेका छन्। अरुको कुरा काटेर पुगेन, अब त भगवानलाई पनि बदनाम गराउन लागिपरेका छन्। भगवानका बारे अनेक हल्ला गर्छन्। भन्छन्- 'भगवान कृष्णले गोपिनीका कपडा लुकाए अरे।' हुँदाहुँदा भजन नै बनाए- 'गोपिनीका कपडा लुकाउने, यमुनामा बसेर।' अनि यस्ता हल्ला सुन्नेहरु भन्न थाल्छन्- 'तिमीहरुका भगवान संस्कारहीन! संस्कार त भगवानकै पालादेखि बिग्रेको रहेछ नि। केटीहरुका कपडा चोर्ने कस्ता भगवान ?'

जसले भगवान कृष्णका बारे पढ्ने समय निकाल्दैन। भगवानप्रति आस्था राख्दैन, विश्वास गर्दैन, सायद उसलाई भगवानबारे कुरा काट्न मजा आउँदो हो। कतिलाई थाह छ ? यमुना नदीमा स्नान गरिरहेका गोपिनीहरुको कपडा लुकाउँदा भगवान श्रीकृष्णको उमेर मात्र ५ वर्षको थियो। ५ वर्षको बच्चो कत्रो हुन्छ ? अनुमान गरौं न एकपटक। आफ्नो घरमा भएको ५ वर्षे बालकलाई हेरौं। ५ वर्षको बालकको दिमागमा स्त्री, पुरुष, काम, आकर्षण केही नै हुँदैन।

भगवान त महान उद्देश्य बोकेर बेला-बेला धर्तीमा आइरहनुहुन्छ। विभिन्न लीला गर्नुहुन्छ। कपडा लुकाउने मात्र होइन, श्रीकृष्ण भगवानले अनेक बाललीला गर्नुभएको छ। प्रशंग कपडा लुकाउँदाको छ, भगवान श्रीकृष्णले त गोपिनीहरुलाई सावधान गराउनका लागि मात्र कपडा लुकाइदिनुभएको थियो। 'आज त मैले लुकाइदिएँ। तर, यसरी कपडा छोडेर नुहाउन जाँदा कुनै दिन राक्षसले कपडा लगिदेला, असुरले अथवा कुनै दुष्ट मान्छेले लगिदेलान्। त्यसबेला तिमीहरुले नोक्सानी व्यहोर्नुपर्छ।' -गोपिनीहरुलाई भगवानले श्रीकृष्णले यही सन्देश दिनुभएको थियो।

तर, मान्छेले यस प्रशंगलाई यति धेरै बिगारिदिए, कुनै सीमा नै छैन। विभिन्न प्रवचनहरुमा सुनिएको छ, हाम्रो भगवानको अपमान गर्ने हामी सनातनी आफैं हौं। अरुले गर्दैन यस्तो। कृष्ण जन्माष्टमी आउँदा कृष्णका चुट्किला बनाउँछन् मान्छे। 'ट्रोल' बनाएर उडाउँछन्। एउटा केटा कोही दुईवटी केटी साथीसँग हिँड्दैछ भने अथवा कसैका केटी साथीहरु बढी छन् भने उसलाई 'कृष्ण बन्यो, कन्हैया बन्यो' भन्छन्। केटीहरुसँग हिँड्ने, बोल्ने चाहिँ कृष्ण हो ? श्रीकृष्णलाई चिन्ने प्रयत्न किन गर्दैन मान्छे ?

आज कृष्ण जन्माष्टमी हो। भगवानप्रति जिस्किनेहरुका लागि यस महान पर्वका दिन हामीले श्रीकृष्णको छोटो परिचय दिने प्रयत्न मात्र गरेको हौं। कृष्ण त योगेश्वर हुन्। जसले महाभारत युद्धको मैदानमा अर्जुनलाई गीता सुनाए। कृष्ण त पूर्ण ब्रम्ह परामात्मा हुन्। भगवान विष्णुका अवतार हुन्। कृष्णले द्वापरयुगको अन्त्यमा जन्म लिएका थिए। सबैले बुझ्नेगरी भन्नुपर्दा त्रेतायुगमा राजा दशरथका पुत्र राम बनेर जन्म लिने पनि उनै थिए। कृष्ण



निष्काम कर्मयोगी, आदर्श दार्शनिक, स्थितप्रज्ञ एवम् दैवी सम्पदाले सुसज्जित महान पुरुष थिए। कृष्णलाई युगकै सर्वश्रेष्ठ पुरुष, युगपुरुष, युगावतार भनिन्छ। महर्षि वेदव्यास कृष्णकै समकालीन हुन्। उनै वेदव्यासद्वारा रचित श्रीमद्भागवत र महाभारतमा कृष्णका चरित्र विस्तृत रूपमा लेखिएको छ। 'गीता' कृष्ण र अर्जुनको संवाद हो, जुन ग्रन्थ आज पनि पूरा विश्वमा लोकप्रिय छ। गीता पढ्न र अर्थ बुझ्नका लागि एकपटक महाभारत पढौं। भागवत सुनौं। नसके युट्युवमा भए पनि श्रीकृष्णका चरित्रहरु हेरौं।

हिन्दू धार्मिक ग्रन्थहरुका अनुसार भगवान श्रीकृष्णको जन्म द्वापर युगमा भएको पाइएको छ। यसरी हेर्दा श्रीकृष्णको जन्म कलियुगको प्रारम्भ भन्दा पाँचसय देखि एक हजार वर्षको बीचमा भएको अनुमान गरिएको छ। वसुदेव र देवकीका आठौं सन्तान हुन्, कृष्ण। देवकी कंसकी बहिनी थिइन्। कंस एक अत्याचारी राजा थियो। बहिनी देवकीको आठौं पुत्र (भानिज)ले आफ्नो हत्या गर्छ भन्ने आकाशवाणी सुनेको थियो कंसले। यसबाट बाँच्नका लागि कंसले देवकी र वासुदेवलाई मथुराको कारागारमा राखिदियो। कंसले आफ्नै पिता उग्रसेनलाई समेत कारागारमा राखेर आफैं राज्य सञ्चालन गरेको पढ्न, सुन्न पाइन्छ।

भगवान श्रीकृष्णको जन्म भाद्र कृष्णपक्षको अष्टमीका दिन देवकीको गर्भबाट कंसकै कारागारमा भएको थियो। कंसले मारिदिने डरले राति नै पिता वासुदेवले नवजात शिशुलाई यमुना नदी पारी गोकुलमा यशोदा कहाँ लगेर छाडिदिए। राति कृष्णको जन्म समयमा कारागारका प्रहरीहरु गहिरो निद्रामा परेको र कारागारका ढोकाहरु आफैं खुलेको वर्णन पाइन्छ। गोकुलमा कृष्णको लालनपालन भयो। गोकुलमा यशोदा र नन्द श्रीकृष्णका मातापिता थिए।

भगवान श्रीकृष्णले गोकुल, वृन्दावन र ब्रजमा रहँदा अनेक बाल लीला रचेका थिए। कहिले घर-घर चहारेर नौनीघीउ चोरेर खान्थे त कहिले गोठालाहरुसँग वनमा गाई चराउन जान्थे। कहिले राधा, गोपिनीहरुलाई बाँसुरीको धुनले मख्खै बनाउँथे त कहिले माता यशोदालाई दिक्क पार्थे। बाल्यावस्थामै कृष्णले ठूला-ठूला कार्यहरु गरेका छन्। यी कार्य सामान्य मनुष्यका लागि सम्भव थिएनन्। जन्मेको केही दिनपछि कंसले कृष्णलाई मार्नका लागि गोकुलमा पुतना नाम गरेकी राक्षसीलाई पठायो। कृष्णले शिशु अवस्थामै पूतनाको बध गरे। त्यसपछि शंकटासुर, तृणावर्त जस्ता राक्षसको वध गरे।

ठूलो भएपछि कृष्णले मथुरा गएर मामा कंसको बध गरे। कारागारमा रहेका आफ्ना मातापितालाई बाहिर निकाले। कंसका पिता उग्रसेनलाई समेत कारागारबाट निकाले। पछि उनले सौराष्ट्रमा द्वारिका नामको नगरी स्थापना गरेर राज्य सञ्चालन गरे। यो क्षेत्र अहिलेको भारतको गुजरातमा पर्दछ। भारतको सबैभन्दा पुराना सात सहरहरुमा द्वारिका पनि एक हो। कृष्णले धर्मका पक्षमा कैयौं युद्ध गरे। सुदर्शन चक्र उनको प्रमुख हतियार थियो, जुन उनको हातको चोरी औंलाबाट प्रकट हुन्थ्यो। कृष्णले अन्यायमा परेका पाण्डवहरुलाई मद्दत गरे। विभिन्न संकटमा उनीहरुको रक्षा गरे। महाभारत युद्धमा उनले अर्जुनको सारथीको भूमिका निभाए। र, रणक्षेत्रमै उनले अर्जुनलाई गीता उपदेश दिए।

१२४ वर्षको जीवनकालपछि श्रीकृष्णले आफ्नो लीला समाप्त गरे। ग्रन्थहरुका अनुसार वनमा श्रीकृष्ण समाधिमा रहेका बेला जरा नामको एक शिकारी हरिणको शिकार गर्न आयो। हरिण ठानेर टाढाबाट उसले श्रीकृष्ण माथि बाण चलायो। बाण चलाइसकेर आफ्नो शिकार समात्न जाँदा योगमा भगवान श्रीकृष्णलाई देखेर उसले पश्चाताप गरेको बताइन्छ। त्यसबेला श्रीकृष्णले उसलाई आश्वासन दिएर परमधाम गए। अन्तरिक्षमा देवताहरुका राजा इन्द्र, अश्विनीकुमार, रुद्र, आदित्य, वसु, मुनि आदिले भगवानको स्वागत गरे। श्रीकृष्णको अवतार समाप्तिपछि कलियुग आरम्भ भएको मानिन्छ। कलियुग चौथो तथा अन्तिम युग हो। ग्रन्थहरुका अनुसार महाभारत युद्ध ३१३७ ईपू.मा भएको भयो। कलियुगको आरम्भ यस युद्धको ३५ वर्षपछि भयो।

पुराणहरुका अनुसार कलियुगमा पनि भगवान विष्णुले 'कल्कि'का रुपमा अन्तिम अवतार लिनुहुनेछ। मनुष्य जातिको उद्धार, अधर्मीहरुको विनाश एवम् धर्मको रक्षाका लागि भगवान विष्णुले कुनै न कुनै अवतारको रुपमा पृथ्वीमा जन्म लिनुभएको छ। पृथ्वीमा जन्म लिएको आधारमा विष्णुका २४ अवतार मानिन्छ। शास्त्रका अनुसार ती मध्ये मुख्य दश अवतार र बाँकी सहायक अवतारको वर्णन गरिएको पाइन्छ। कल्कि अवतारको जन्म कलियुगको अन्त्यतिर हुने बताइएको छ। त्यसपछि कलियुग समाप्त भइ पुनः सत्य युग प्ररम्भ हुनेछ। श्रीमद्भगवद गीताका अनुसार मनुष्यका हिसाबले कलियुग चा लाख ३२ हजार वर्षको हुनेछ। यसरी हेर्दा द्वापर युगको समाप्तिपछि कलियुग शुरु भएको पाँच हजार वर्ष मात्र भयो। अझै कलियुगको आयु चार लाख २७ हजार वर्ष बाँकी नै छ।

# इक्यान झापाद्वारा २५औं वार्षिकोत्सवमा बालाश्रममा सहयोग




**बिर्तामोड, भदौ १३।** नेपाल शैक्षिक परामर्श संघ (इक्यान) झापाले आइतबार सामाजिक काम गर्दै २५ औं वार्षिकोत्सव मनाएको छ ।

बिर्तामोड-४ मा रहेको नमस्ते बाल आश्रममा खाद्यान्न तथा खेलकुद र शैक्षिक सामग्री प्रदान गर्दै इक्यान झापाले रजत महोत्सव मनाएको हो । इक्यान झापाका अध्यक्ष सुमन शर्मा जमरकट्टेलको अध्यक्षतामा भएको कार्यक्रममा इक्यानका केन्द्रीय अध्यक्ष प्रकाश पाण्डेको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा इक्यान झापाका उपाध्यक्ष मिलन ओली, सचिव मदन बुढाथोकी, कोषाध्यक्ष राज कार्की, अतिरिक्त विभाग प्रमुख अनिल सापकोटा, रियल वर्ल्डका सञ्चालक राज मुखियाले इक्यानले शिक्षाका क्षेत्रमा विभिन्न काम गर्दै आएको बताए । उनीहरुले आश्रमका बालबालिकालाई इक्यानको तर्फबाट गर्ने शैक्षिक सहयोग निःशुल्क रुपमा प्रदान गर्ने प्रतिबद्धता समेत जनाएका छन् ।

इक्यानले शैक्षिक परामर्शका साथै स्वदेश तथा विदेशमा अध्ययन गर्न चाहने विद्यार्थीका लागि जानकारीका साथै सहयोग गर्दै आएको छ । कार्यक्रममा केन्द्रीय अध्यक्ष पाण्डेले झापामा इक्यानले सामाजिक सेवाका क्षेत्रमा उल्लेखनीय काम गरेको भन्दै इक्यान झापाको प्रशंसा गरे ।

इक्यानका केन्द्रीय अध्यक्ष प्रकाश पाण्डेले कोरोना कहरका कारण शैक्षिक परामर्श अन्तर्गत सञ्चालित कन्सल्टेन्सीहरु लामो समयदेखि बन्द हुँदा कन्सल्टेन्सी व्यवसाय धरासायी बन्न पुगेको झापा अध्यक्ष जमरकट्टेलले बताए । अनाथ आश्रममा रहेका बालबालिकालाई सहयोग गर्दै रजत महोत्सव मनाउन पाउँदा खुशी लागेको इक्यान झापाका सचिव बुढाथोकी बताए ।

आश्रममा दश बालक र आठ बालिका गरी १८ जना बालबालिका रहेका छन् । उनीहरुलाई इक्यान झापाले १५ हजार बराबरको खाद्यान्न तथा खेलकुद र शैक्षिक सामग्री प्रदान गरेको छ । आश्रममा रहेका बाललबालिकाहरु बिर्तामोडका विभिन्न निजी विद्यालयमा निःशुल्क रुपमा अध्ययन गर्दै आएको आश्रमका अध्यक्ष नारायण पोखरेलले जानकारी दिए ।

झापा, इलाम, तेह्रथुम, मोरङ लगायतका जिल्लाबाट ल्याइएका बालबालिकाहरु आश्रममा रहेका छन् । आमाबुबा नभएका तथा कोही आफन्त नभएका बालबालिकालाई आश्रमले पालनपोषण र उचित शिक्षादिक्षा दिँदै आएको अध्यक्ष पोखरेलले बताए । कार्यक्रमको सञ्चालन अतिरिक्त विभाग प्रमुख सापकोटाले गरेको इक्यान झापाका प्रेस संयोजक नरेन्द्र ढकालले जानकारी दिए ।

# ३९ जनाले गरे रक्तदान



**मेचीनगर, भदौ १३।** कोभिड-१९ का कारण जिल्लामा पर्याप्तरुपमा रक्तदान कार्यक्रम नभएका कारण झापामा सिर्जना भएको रगत अभावलाई टार्न मेचीनगरमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

'रक्तदान जीवन दान' भन्ने नारासहित नेपाल आदिवासी जनजाति महासंघ नगर समन्वय परिषद् मेचीनगरले रक्तदान कार्यक्रम सम्पन्न गरेको हो । लक्ष्मीनारायण मन्दिरमा भएको कार्यक्रममा चार महिला र ३५ पुरुषसहित ३९ जनाले रक्तदान गरेको परिषद अध्यक्ष ओमप्रकाश खापुङ्ग जानकारी दिए ।

नेपाल रेडक्रस सोसाइटी झापा शाखा भद्रपुरको प्राविधिक सहयोग भएको कार्यक्रमा ३१औं पटक रक्तदान गरीसक्नु भएका मेचीनगर-१० का गोकुल हुमागाँईले ३२औं पटक रक्तदान गरेर उद्घाटन गरेका थिए । प्राविधिकहरु दीपक ओली, आश्मा लिम्बू, सरिता विक, रिमा खड्काले रक्त संकलन गरेका थिए । संकलित सबै रगत नेपाल रेडक्रस सोसाइटी झापा शाखा भद्रपुरलाई प्रदान गरिएको छ ।

उद्घाटन समारोहमा बोल्दै कार्यक्रमका प्रमुख अतिथि मेचीनगर नगरपालिकाका प्रमुख विमल आचार्यले अहिले जिल्लामा रगत अभाव भइरहेका बखत नेपाल आदिवासी जनजाति महासंघ नगर समन्वय परिषद् मेचीनगरले यस्तो महान कार्य गरेको भन्दै प्रशंसा गरे । उनले रगत दान गर्नु भनेको कसैलाई नयाँ जीवन प्रदान गर्नु हो भन्दै यस्तो मानवीय कार्यमा जुट्न सबैलाई आग्रह गरे ।

नेपाल आदिवासी जनजाति महासंघ नगर समन्वय परिषद् मेचीनगरका अध्यक्ष ओमप्रकाश खापुङ्गको अध्यक्षतामा भएको कार्यक्रममा नगर उपप्रमुख मीना पोखरेल उप्रेती, परिषद्का झापाका अध्यक्ष भरत श्रेष्ठ लगायतले बोलेका थिए ।

## प्रतिबन्धित औषधिसहित एकजना पक्राउ



**मोरङ, भदौ १३।** मोरङको उर्लाबारी-१ स्थित झारासादीका २० बर्षीय उमेश धिमाललाई प्रतिबन्धित औषधिसहित पक्राउ गरिएको छ ।

बिशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरी टोलीले घरमा खानतलासी गर्दा धिमाल सुत्ने कोठाबाट प्रतिबन्धित औषधि ट्रामाडोल-५७५ ट्याब्लेट र स्पास्पेन-५७० ट्याब्लेट बरामद गरे पश्चात उनलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।


**पसल बिक्रीमा**

बिर्तामोडस्थित शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि चालू अवस्थाको कोल्ड सेन्टर बिक्रीमा ।
सम्पर्क : ९८१४९६३४८८

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।




सम्पर्कः ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)


## काठ बिक्री वितरण सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति : २०७८/०५/१४*

उपरोक्ता सम्बन्धमा यस सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित भएको काठको चिरान सहमति मिति २०७५/१२/११ च.नं. ४८०२ को काठ प्रयोजन परिवर्तन गरी लिलाम बिक्री सहमतिको मिति २०७८/०४/१३ को च.नं. २१५ को चिरान काठ लट नं. १ को ६४ थान १२०.८२ क्यूफिट घाटगद्दीमा जे-जस्तो अवस्थामा छ सोही अवस्थामा उठाइ लैजान बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघ-संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्रमा शिलबन्दी बोलपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**श्री जीवनज्योति सामुदायिक वन उपभोक्ता समूह**
माई, नपा-७, इलाम

**प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**व्यावसायिक तथा सीप विकास तालिम केन्द्र**
**प्रदेश नं. १ भद्रपुर झापाको**

## प्रशिक्षकको सूची (Roster)मा नाम समावेश सम्बन्धी विस्तृत सूचना

**प्रथमपटक प्रकाशित मिति :२०७८।०५।१४**

यस केन्द्रमा आ.व. ०७८।०७९ मा सञ्चालन गरिने विभिन्न व्यावसायिक तथा सीप मूलक तालिम सञ्चालन गराउन आवश्यक पर्ने प्रशिक्षकको सूची निर्माण तथा अद्यावधिक गर्नुपर्ने भएकोले सम्बन्धित विषयको प्रशिक्षकको सूचीमा समावेश हुन इच्छुक तोकिएको योग्यता पुगेका व्यक्तिहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको दरखास्त फाराम भरी रु.१०।- को टिकट टाँसी सम्बन्धित केन्द्रमा दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**क) तालिमको लागि सूची (Roster) निर्माण तथा अद्यावधिक हुने विषयहरुः**

| सि.नं. | विषयहरु | संख्या | निवेदन फाराम पेश गर्न सकिने केन्द्रहरु | अवधि |
|---|---|---|---|---|
| १ | मोवाइल मर्मत | २ | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र भद्रपुर झापा | ३ महिने |
| २ | ढाका बुनाई अपग्रेडिङ्ग | १ | | ४५ दिने |
| ३ | सिलाई कटाई | २ | | ३ महिने |
| ४ | सिलाई कटाई अपग्रेडिङ्ग | १ | | ४५ दिने |
| ५ | केश श्रृंगार | १ | | ३ महिने |
| ६ | मोवायल मर्मत अपग्रेडिङ्ग | १ | | ४५ दिने |
| ७ | कम्प्यूटर | ४ | | ६ महिने |
| ८ | मोटरसाईकल मर्मत | २ | | ६ महिने |

**ख) दरखास्त पेश गर्न सकिने केन्द्र**

| सि.नं. | केन्द्रको नाम | फोन नं. |
|---|---|---|
| १ | व्यावसायिक तथा सीप विकास तालीम केन्द, भद्रपुर झापा | ०२३-५२०३०५ |

**ग) योग्यता**

| सि.नं. | शौक्षिक योग्यता वा तालीम वा अनुभव | सेवा शुल्क |
|---|---|---|
| १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक वा कुनै विषयमा स्नातक गरी स्वीकृत प्राप्त संस्थाबाट सम्बन्धित विषयमा १ वर्षको तालीम प्राप्त वा कुनै विषयमा स्नातक गरी सम्बन्धित कामको २ वर्षको अनुभव भई सम्बन्धित सीपमा २ तहको सीप परीक्षण पास भएको | प्रदेश सरकारको सहायक पांचौ श्रेणीको शुरु तलव स्केल |
| २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाणपत्र वा कुनै विषयमा प्रमाण पत्र तह उत्तीर्ण गरी स्वीकृत प्राप्त संस्थाबाट सम्बन्धित विषयमा १ वर्षको तालीम प्राप्त वा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित कामको १ वर्षको अनुभव भई सम्बन्धित सीपमा १ तहको सीप परीक्षण पास भएको | प्रदेश सरकारको सहायक पांचौ श्रेणीको सुरु तलव स्केल |
| ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा एस.एल.सी वा एस.एल.सी गरी स्वीकृत प्राप्त संस्थाबाट सम्बन्धित विषयमा १ वर्षको तालीम प्राप्त वा सम्बन्धित कामको १ वर्षको अनुभव भई सम्बन्धित सीपमा १ तहको सीप परीषण पास भएको | प्रदेश सरकारको सहायक चौथो श्रेणीको सुरु तलव स्केल |
| ४. | सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालीम प्राप्त गरी परम्परागत सीप र प्रविधि भई न्यूनतम एक वर्ष अवधि सम्म उद्योग व्यवसाय दर्ता गरी व्यवसाय गरी बसेको अनुभव र सम्बन्धित सीपमा १ तहको सीप परीषण पास भएको | प्रदेश सरकारको सहायक चौथो श्रेणीको शुरु तलव स्केल |

**द्रष्टव्य**
- दरखास्त फाराम साथ शौक्षिक योग्यताका प्रमाणपत्रहरु नेपाली नागरिकताको प्रमाण-पत्र, सम्बन्धित तालिमको प्रमाण पत्र, सीप परीक्षणको प्रमाण पत्र र अनुभवलाई प्रमाणित गर्ने कागजातका प्रतिलिपिहरु संलग्न गरी ती प्रतिलिपिहरुमा व्यक्ति स्वयम्ले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी तोकिएको म्यादभित्र पेश गर्नुपर्नेछ ।
- तोकिएको योग्यता पुगेकोमा एक भन्दा बढी विषय (Trade) मा पनि दरखास्त फाराम पेश गर्न सकिनेछ । त्यस्तोमा कार्यालयले आवश्यक परेको विषयको लागि छनौट गरी स्वीकृत गर्न सक्नेछ ।
- सूची Roster निर्माण तथा अद्यावधिक गर्नका लागि सम्बन्धित केन्द्रमा पर्न आएका दरखास्त उपर छानविन गरी तोकिएका योग्यता पुगेका दरखास्तवाला प्रशिक्षकहरुको सूची निर्माण तथा अद्यावधिक गर्ने काम सम्बन्धित केन्द्र कै हुनेछ ।
- सूचनाको म्याद समाप्त भएको ७ दिनभित्र योग्य व्यक्तिको सूची केन्द्रले प्रकाशित गर्ने छ ।
- रित नपुगेको दरखास्त फाराम स्वीकार गरिने छैन ।
- सूचीमा नाम समावेश गर्ने/नगर्ने अधिकार सम्बन्धित केन्द्रमा सुरक्षित रहने छ ।
- सूचीमा नाम समावेश भएका व्यक्तिहरु मध्येबाट केन्द्रहरुले आवस्यक परेको वखतमा मात्र प्रशिक्षणमा खटाउन सक्नेछ ।
- यो सूची आ.व. ०७८।७९ को लागी मात्र कायम रहने छ ।
- अन्य कुराहरु यस केन्दको निर्देशिका २०६९ तथा कानून बमोजीम हुने छ ।

**केन्द्र प्रमुख**



ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** परिश्रम परे पनि कम प्रतिफलमा चित्त बुझाउनुपर्ला । समयमा होस नपुग्नाले काम रोकिन सक्छ ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -** अवसरको खोजीमा दौडधुप गर्नुपर्ला । खर्च बढ्नाले आर्थिक अभाव देखा पर्ला । पाउमा चोटपटकको योग देखिएकाले सजग रहनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** छर-छिमेकमा केही असमझदारी बढ्न सक्छ । टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ । खर्च लागे पनि यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ । श्रमको उचित मूल्यांकन होला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** पढाइमा प्रगति हुनेछ भने नयाँ ज्ञान प्राप्त हुने योग छ । लाभांश बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** व्यापारमा प्रशस्त फाइदा हुनेछ । राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । जीवनशैलीमा परिवर्तन आउनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** केही अवरोध भए पनि प्रयत्न गर्दा कर्मको प्रतिफल पाइनेछ । छोटो समयमा उपलब्धि हातलागी हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** प्रतिष्ठित काम शुभारम्भ गर्ने मौका छ । विशेष अवसरले दैनिकीमा परिवर्तन ल्याउनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** विभिन्न भौतिक साधन संग्रह गर्ने मौका छ । शुभचिन्तकहरूले राम्रो सहयोग जुटाउनेछन् ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** विशिष्ट व्यक्तिहरूसँग भने असमझदारी बढ्न सक्छ । आफन्तबाट समेत टाढिनुपर्ने हुन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** सहयोगीहरूले राम्रो फाइदा दिलाउने छन् । भाग्यले विभिन्न अवसर जुराउनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** दाम र प्रतिष्ठा कमाउने बेला छ । पदीय जिम्मेवारी प्राप्त हुने सम्भावना छ । समुदायको हितमा राम्रै काम गर्न सकिनेछ ।